महाशिला गाँउपालिका

## स्थानीय राजपत्र

खण्ड १, संख्या ९, जेठ २१ गते, २०७५ साल

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महाशिला गाँउ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## महाशिला विकास स्वयंसेवक परिचालन (संशेधन) कार्यविधि, २०७६

**प्रस्तावना:**

महाशिला गाउँपालिकाले एक घर, एक रोजगारको नीति पारित गरेको छ । यही नीति वमोजिम महाशिला गाउँपालिका भित्र १८ वर्षदेखि ५५ वर्ष भित्रका व्यक्तिहरुका लागि महाशिला विकास स्वयंसेवक कार्यक्रमको माध्यमबाट ज्ञान, सीप, दक्षता बृद्धि गरी स्वरोजगार बनाइ गाउँपालिकाले एक घर, एक रोजगारको कार्यक्रम सञ्चालन गर्ने नीति गाउँपालिकाले पारित गरेको छ । यस स्वयंसेवक कार्यक्रममा आवद्ध हुने महाशिलाबासी छनोट भएका व्यक्तिहरुलाइ कामको जिम्मेवारी प्रदान गरी मानव संशाधनको विकास गर्नका लागि स्वयंसेवक परिचालन गर्न वाञ्छनीय भएकोले महाशिला गाउँपालिकाको प्रशासकीय कार्यविधि कानुन बमोजिम "महाशिला विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७६" बनाइएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "महाशिला विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि महाशिला गाउँपालिका, गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(३) "कार्यविधि" भन्नाले महाशिला विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(४) "एन" भन्नाले महाशिला विकास स्वयंसेवक परिचालन एन, २०७६ सम्झनु पर्छ ।

(५)"स्वयंसेवा" भन्नाले परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यावसायिक / संगठित रुपले सञ्चालन हुने वा भैरहेका सवयंसेवी कृयाकलापहरुलाई सम्झनु पर्छ ।

(६) "स्वयंसेवक" भन्नाले स्वस्फूर्त रुपमा सुविधा लिई वा नलिई सवयंसेवी कृयाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउँछ । कुनैपनि किसिमका कर्मचारीको रुपमा नियुक्त नरहने र पछि कुनै किसिमको दावी नगर्ने स्वयंसेवी भावना भएका कार्य गर्ने जिम्मेवारी तोकिएका व्यक्तिलाइ जनाउँछ । साथै, यस शब्दले यस कार्यविधि बमोजिम परिचालन गरिने स्वयंसेवकलाई समेत जनाउँछ ।

(७) "गाउँपालिका" भन्नाले महाशिला गाउँपालिकालाई  जनाउँछ ।

(८) "शैक्षिक संस्था" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान दिने तथा नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने सार्वजनिक तथा सामुदायिक विद्यालयहरुलाई जनाउँछ ।

(९) "प्राविधिक सहयोग" भन्नाले गाउँपालिकाद्वारा सवयंसेवक परिचालन मार्फत विभिन्न निकायहरुबाट सम्पादन गरिने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यबाट खटाइएका मानव संशाधनलाई जनाउँछ ।

**परिच्छेद – २**

स्वयमसेवक शर्त तथा सुविधा

**१३. स्वयंसेवकको शर्त तथा सुविधा** : यस कार्यविधि बमोजिम परिचालन गरिने स्वयंसेवकका शर्त तथा सुविधा देहाय बमोजिम हुनेछन :–

(क) स्वयंसेवकलाई गाउँकार्यपालिकाले सार्वजनिक कार्य गर्न तोकेको दिनको निर्वाह् खाना खर्च वापतको रकम १३ दिन काम गर्नेको ६००० र २६ दिन काम गर्नेको ९५०० वा दैनिक हाजिरीअनुसार गाउँसभाले महाशिला स्वयसेवक कार्यक्रमको लागि विनियोजित बजेट बाट प्रदान गरिनेछ,

(ख) स्वयंसेवकलाई बढीमा एक वर्षका लागि कार्यजिम्मेवारी प्रदान गर्न सकिनेछ । स्वयंसेवकको आवश्यकता थप महशुस भएमा वा स्वयंसेवकको कार्यजिम्मेवारी थप गर्नु पर्ने भएमा कार्य सम्पादन मूल्यांकनको आधारमा प्रत्येक आर्थिक वर्षमा स्वयंसेवक सेवा कार्यपालिकाको निर्णयानुसार नविकरण गर्न सकिने छ ।

(ग) स्वयंसेवकका लागि अनुसूची ४ बमोजिमका कार्य शर्तहरु रहनेछन्।

(घ) स्वयंसेवक स्वयं पूर्णस्वरोजगार प्राप्त भएमा वा अर्को पूर्णकालिन रोजगारको कार्य गरेमा वा स्वयसेवक भइ कार्य गर्न नचाहेमा वा नसक्ने भएमा महाशिला गाउँपालिकाको कार्यालय समक्ष एक महिना अगावै लिखित जानकारी दिनुपर्नेछ ।

**१४. स्वयंसेवकको लागि तालिम, निर्वाह खर्च तथा खाजा :**

(क) महाशिला विकास स्वयंसेवकहरुले आधारभूत तालिम लिए पछि गाउँपालिकाले तोकेको उद्यमशिल सृजनशिलता सम्बन्धी बिषय मध्ये कुनै एक बिषय रोज्नु पर्नेछ । उक्त रोजेको बिषयमा पुन गाउँपालिकाले तालिम सञ्चालन गर्नेछ ।

(ख) सबै स्वयंसेवकहरुले अनिवार्यरुपमा गाउँपालिकाले सञ्चालन हुने तालिममा सक्रीय सहभागि हुनुपर्नेछ ।

(ग) तालिममा सहभागि भए वापत प्रति दिन रु १००। का दरले खाना वापत रकम र रु ४०। बराबरको खाजा भत्ता वा खाजा उपलब्ध गराइनेछ । सहभागिको आफ्नो वडाभन्दा बाहिर गइ तालिम लिइ बास बस्नु परेमा खाना तथा बास खर्च ४५० समेत उपलब्ध गराइने छ ।

(घ) तालिमका सहभागिले स्थानीय उत्पादनबाट निर्मित खाजा खानु पर्नेछ ।

(ङ) छनोट भएका स्वयंसेवकहरु तलब पाउने नभै गाउँकार्यपालिकाले तोके वमोजिम दैनिक गुजारा चलाउने न्यूनतम खाना खर्चको रुपमा निर्वाहा खर्च मात्र पाउनेछन् ।

**परिच्छेद – ४**

**तालिम सम्बन्धी व्यवस्था**

**१५. तालिममा स्वयंसेवक** :

(१) छनोट भएका स्वयंसेवकहरुलाइ दुइ चरणमा तालिम सञ्चालन गरिनेछ ।

(क) आधारभूत तालिम

(ख) विषयगत तालिम,

(२) छनोट भएका स्वयंसेवकहरुलाइ २५ देखि ३० दिनको आधारभूत तालिम सञ्चालन गरिनेछ । आधारभूत तालिममा आर्थिक विकास, सामाजिक विकास, विपद् व्यवस्थापन, उद्यमबिकास सृजनशिलता, योगाभ्यास जस्ता विषयमा तालिम सञ्चालन गरिनेछ ।

(३) आधारभूत तालिम लिएका स्वयंसेवकहरुलाइ विषयगत तालिम सञ्चालन गरिनेछ । गाउँ कार्यपालिकाले तपसिलका बिषयगत क्षेत्रहरु तोके वमोजिम तालिम सञ्चालन गरिनेछ । तालिम सम्पन्न पश्चात प्रमाणपत्र उपलब्ध गराइनेछ । महाशिला विकास स्वयंसेवकहरु सम्पूर्णले कम्तिमा ३ दिन अनिवार्यरुपमा सडक मर्मतके कार्य गर्नु पर्नेछ । यसरी तालिम लिने स्वयंसेवकको प्रकार तथा संख्या तपसिल वमोजिम हुनेछ ।

१) बिद्युत वायरिङ तथा मेन लाइन व्यवस्थापन (सबै वडाका लागि १२ जना)

२) सडक मर्मत (२२० जना)

३) प्लम्बर (सबै वडाका लागि १२ जना)

४) सिकर्मी, डकर्मी (सबै वडाका लागि सडक मर्मतको कार्य गर्ने संख्याबाट)

५) सिमेन्टको काम गर्ने मिस्त्री (सबै वडाका लागि ५० जना सडक विधा बाट)

६) सहकारी व्यवस्थापन (सबै वडाका लागि ६ जना)

७) विद्ध्यालय स्वयंसेवक (२७ जना)

८) सामाजिक परिचालक (६ जना)

९) विद्ध्यालय शिक्षक (मासिक रु ९५००। का दरले त लभ उपलब्ध गराउने गरी गाउँकार्यपालिकाले तोके वमोजिमका स्कूलमा २० जना)

१०) गाउँ रक्षक (सरकारी कार्यालयको सुरक्षा, गाँजा रक्सी जुवा तास नियन्त्रणको कार्य, हाट वजार तथा मेलाको व्यवस्थापन जस्ता कार्य गर्ने गरी सबै वडाका लागि ३४ जना)

११) जनस्वास्थ्य कार्यकर्ता (सरसफाइ जनचेतना अभियान, परिवार नियोजन, महिनाबारीमा सरसफाइ, गर्भवती तथा सुत्केरी अवस्थामा सचेतीकरण, नेपाल सरकार तथा गाउँपालिकाले सञ्चालन गर्ने अन्य अभियानमा सबै वडाका लागि ६ जना

१२) कृषि स्वास्थ्य कार्यकर्ता (सबै वडाका लागि १२ जना)

१३) पशु स्वास्थ्य कार्यकर्ता (सबै वडाका लागि १२ जना)

**१६. तालिममा सहजकर्ता** :

(क) महाशिला विकास स्वयंसेवकहरुका लागि आधारभूत तालिम तथा बिषयगत तालिमको सहजीकरण तोकिएको योग्यता पुगेका व्यक्तीहरुबाट मात्र सञ्चालन गरिनेछ ।

(ख)सहजकर्ताहरुको पारिश्रमिक वापत रु १३००। उपलब्ध गराइनेछ । प्रति दिन बढिमा ३ वटा सम्म कक्षा हुने गरी सहजीकरण गर्नुपर्नेछ । तालिम प्रतिघण्टा कम्तिमा दुइ घण्टाको हुनुपर्नेछ । तालिम सञ्चालन गरेको विषयको हैण्डआउट समेत उपलब्ध गराउनु पर्नेछ । स्थानीय जनप्रतिनिधी वा कर्मचारीहरुले कार्यालय समयमा तालिममा सहजीकरण गरेमा अर्थ मन्त्रालयले तेकेके मापदण्ड अनुसार भत्ता पाउने छन । सहजकर्ता मासिक करारमा लिन पनि सकिनेछ । पारिश्रमिक बाहेक सहजकर्तालाइ कुनै सुविधा दिइने छैन ।

(ग) प्रत्येक वडामा रहेका स्वयंसेवकहरुका लागी पायक पर्ने स्थानमा वडा समितिले तय गरे वमोजिम हुने गरी केन्द्र स्थापना हुनेछ । सोहि केन्द्रमा आधारभूत तालिम वा अन्य बिषयगत तालिम सञ्चालन हुनेछन् । आवश्यकतानुसार अन्य वडालाइ मिलाइ केन्द्र कायम गर्न सकिनेछ ।

(घ) आधारभूत तालिमको अवधिमा स्वास्थ्य शारीरिक अभ्यास गराउन सक्ने, सहभागिहरुको हाजिरी राख्ने, अनुशासितपूर्वक व्यवस्थित गराउनका लागि जना १ मूख्य प्रशिक्षक र जना १ सहायक प्रशिक्षकको रुपमा नियुक्त गरिनेछ । मूख्य प्रशिक्षकको पारिश्रमिक १ महिनाको लागि रु २००००। र सहायक प्रशिक्षकको लागि रु १२०००। उपलब्ध गराइनेछ ।

(ङ) वडा भित्र सञ्चालन हुने विभिन्न विषयगत तालिम, खटाइने विषयगत कार्य, स्वयंसेवकले गर्ने व्यवसायिक कार्य, आवश्यकतानुसारका खटाइएका अन्य कार्य गर्ने, समन्वय गर्ने, कार्यक्रमका शिलशिलामा वडामा भित्रिएका विभिन्न सामाग्रीहरुको अभिलेख राख्ने कार्यका लागि मौजुदा कर्मचारीको व्यवस्थापन हुन नसकेमा ६ जना अगुवा स्वयंसेवकको नियुक्त गरिनेछ। यस्ता ब्यक्तिहरु स्वयंसेवकहरुबाट वा अन्यत्रबाट छनोट गर्न सकिनेछ। यसरी नियुक्त हुने अगुवा स्वयंसेवकले आफनो गृहवडामा नभै फरक वडामा कार्य गर्नु पर्नेछ। यस्ता अगुवा स्वयंसेवकलाइ पारिश्रमिक कार्यपालिकाको निर्णय वमोजिम उपलब्ध गराइनेछ।

## परिच्छेद – ५
## पोशाक तथा अन्य सामाग्री

**१७. विकास स्वयंसेवकका लागि पोशाक** : महाशिला विकास स्वयंसेवकहरुका लागि आधारभूत तालिम पछि गाउँकार्यपालिकाको कार्यालयबाट पहिलो पटक पोशाक उपलब्ध गराइनेछ। यसरी उपलब्ध गराइने पोशाकमा कार्यपालिकाको निर्णय अनुसार ट्र्याकसुट, जुत्ता र टिसर्ट हुनेछ।

**१८. विकास स्वयंसेवकले गर्नुपर्ने कार्य र अवधि** : महाशिला विकास स्वयंसेवकहरुले प्राप्त गरेको पोशाक लगाइ कार्यपालिकाले तोकेको कार्य वडाकार्यालय मार्फत् गर्नुपर्नेछ। कार्यपालिकाले खटाएको बिशेष काम समेत स्वयंसेवकले गर्नुपर्नेछ।

**१९. विकास स्वयंसेवकका लागि निर्माण कार्यमा खटाउँदा उपलब्ध गराउने सामाग्री**: महाशिला विकास स्वयंसेवकहरुलाइ कार्यपालिकाले खटाउने सार्वजनिक तथा विकास निर्माणको कार्य गर्दा आवश्यक पर्ने विभिन्न प्रकारका उपकरण तथा घरेलु उपकरणहरु उपलब्ध गराउने छ। जस्तै हसिया, बाउसो, गल, घन, गैती, बेल्चा, ठेलागाडा आदि।

**२०. तालिम सञ्चालनका लागि हल निर्माण**: महाशिला विकास स्वयंसेवकहरुलाइ सम्बन्धित वडामा सञ्चालन हुने तालिमलाइ व्यवस्थित बनाउनका लागि एक तालिम हलको व्यवस्था गरिनेछ। यसको लागि ६ वडाका लागि ५० बण्डल जस्ता पाता सहभागिको आधारमा समन्यायिक तवरले उपलब्ध गराइनेछ। स्थानीय सामाग्री प्रयोग गरी सो हलको व्यवस्थापन गरिनेछ।

**२१. उपलब्ध सामाग्रीको व्यवस्थापन**: विकास स्वयंसेवकहरुलाइ उपलब्ध गराइने हसिया, बाउसो, गल, घन, गैती, बेल्चा, ठेलागाडा आदि जस्ता सामाग्रीहरु तथा जस्ता पाता एवं फर्निचर सम्बन्धित वडाले व्यवस्थापन गर्नेछ। स्वयंसेवकहरुलाइ हसिया, बाउसो, गल, घन, गैती, बेल्चा, ठेलागाडा आदि सामाग्री उपलब्ध गराउँदा वडाले भर्पाइ गरी बुझाउनेछ। सो बुझिलिएको सामाग्री सम्बन्धित स्वयंसेवकले फिर्ता गर्नुपर्नेछ। फिर्ता नगरेमा निजले पाउँने भत्ताबाट कट्टा गरिनेछ।

## परिच्छेद – ६
## सामुहिक उद्धम सञ्चालन

**२२. बाँझो जग्गाको व्यवस्थापन**: महाशिला गाउँपालिका क्षेत्र भित्र रहेका बाँझो वा अन्य जग्गा व्यवस्थापनका लागि २० वर्षका लागि त्यस्तो बाँझो जग्गा लिजमा लिन सक्नेछ। यस्तो जग्गामा नमूनायोग्य उद्धम व्यवसाय सञ्चालन गरिनेछ।

**२३. सामुहिक उद्धमको व्यवस्थापन**: बाँझो वा अन्य जग्गामा वडाले व्यवस्थापन गर्ने गरी विभिन्न उद्धम सञ्चालन हुनेछ। यसको लागि आवश्यक खर्च गाउँपालिकाले उपलब्ध गराउनेछ।

**२४. उद्धम व्यवसाय सञ्चालन**: वडाले व्यवस्थापन गर्ने गरी सञ्चालन हुने उद्धममा सार्वजनिक निजी साझेदारी वा अन्य उपयुक्त कार्यपालिकाले तय गरेको मोडलका आधारमा सञ्चालन हुनेछ।

२५. **लिजमा लिए वापत जग्गावालाले पाउने रकम**: लिजमा लिने जग्गावालालाइ वार्षिक उत्पादन हुने कुनै एक वालीको हुन आउने रकम कार्यपालिकाले मूल्यांकन गरी उपलब्ध गराउन सक्नेछ ।

२६. **उद्धम सञ्चालनमा जनशक्ती**: वडाले व्यवस्थापन गर्ने गरी सञ्चालन हुने उद्धममा गाउँ कार्यपालिकाले आवश्यक मात्रामा महाशिला विकास स्वयंसेवक कार्यक्रममा सहभागि कार्यकर्ताहरु मध्येबाट उपलब्ध गराउनेछ ।

## परिच्छेद – ७
## सहकारी संस्थाको स्थापना

२७. **सहकारी संस्थाको स्थापना**: (१) महाशिला विकास स्वयंसेवका लागि गाउँपालिका स्तरीय एक सहकारी संस्थाको स्थापना गरिनेछ । उक्त सहकारी संस्थामा महाशिला विकास स्वयंसेवकहरुले शेयर लगानी गर्नेछन ।

(२) स्वयंसेवकहरुको लागि स्थापित सहकारी मार्फत व्यवसाय सञ्चालनका लागि आवश्यक पूँजी उपलब्ध गराउने कार्य गर्नेछ । सहकारी संस्थाको परिपक्वता पछि तालिम समेत उपलब्ध गराउँनेछ ।

(३) स्थापित सहकारी संस्थाको विकासको लागि स्थापनाको पहिलो र दोश्रो वर्ष प्रशासनिक कार्य वापत अनदान स्वरुप शेयर पूँजी रकमको १० प्रतिशत् गाउँकार्यपालिकाबाट उपलब्ध गराउनेछ । तेश्रो वर्ष शेयर पूँजी बराबरको रकम घुम्ती कोषको रुपमा प्रदान गर्नेछ ।

## परिच्छेद – ८
## बीमा कार्यक्रम

२८. **आकस्मिक दुर्घटना बीमा** (१) महाशिला विकास स्वयंसेवका लागि गाउँकार्यपालिकाले सामूहिकरुपमा रु ५ लाखको आकस्मिक दुर्घटना वीमा गरिनेछ ।

(२) महाशिला विकास स्वयंसेवकमा छनोट भएपछि बीमा गरिनेछ ।

## परिच्छेद – ९
## शाखाको स्थापना

२९. **शाखाको स्थापना**: महाशिला विकास स्वयंसेवक कार्यक्रमलाइ व्यवस्थितपूर्वक सञ्चालनका लागि एक शाखाको रुपमा रहनेछ । यस शाखाको नाम महाशिला विकास स्वयंसेवक व्यवस्थापन शाखा हुनेछ । यस शाखामा प्रमुखको रुपमा अधिकृत स्तरका कर्मचारी र सहायकमा ना सु वा खरिदार तहको कर्मचारी रहनेछन् । वडास्तरमा आवश्यकताका आधारमा करारमा कर्मचारीको व्यवस्थापन गर्न सकिनेछ ।

३०. **काम कर्तव्य र अधिकार**: यस शाखाले तपसिल वमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

क) सबै वडाका स्वयंसेवकहरुको लगत तयार गर्ने,

ख) सबै स्वयंसेवकहरुको सेवा तथा सुविधाके लगत तयार गरी व्यवस्थापन गर्ने,

ग) स्वयंसेवक कार्यक्रमको अभिलेख व्यवस्थापन गर्ने,

घ) अनुगमनमा देखिएका समस्या समाधानका उपाय सहित कार्यपालिकाको बैठकमा प्रस्तुत गर्ने,

ङ) सबै वडामा स्वयंसेवक कार्यक्रमका लागि उपलब्ध गराइका सामाग्रीहरुको अभिलेख वडाबाट लिने र राख्ने राख्न लगाउने,

च) तालिम सञ्चालन गर्न आवश्यक व्यवस्थापन मिलाउने,

छ) कार्यपालिकाले गरेका निर्णयहरु कार्यन्वयन गर्ने,

ज) प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा रहि अन्य कार्य गर्ने,

झ) व्यवसायिक कार्यहरुको लगत सम्बनिधत वडाबाट लिइ लगत राख्ने,

ञ) स्वयंसेवकले सडक निर्माणको कार्य गर्नु अघि कार्यपालिकामा भएका मौजुदा प्राविधिकबाट लगत स्टीमेट तयार गरी कार्यको मूल्यांन गरी सो को अभिलेख राख्ने ।

## परिच्छेद – १०
## अनुगमन

**३१. अनुगमन:**

(१) महाशिला विकास स्वयंसेवकको कार्यको नियमितरुपमा वडा कार्यलयले अनुगमन गर्नेछ भने गाउँकार्यपालिका तथा कार्यालयको तर्फबाट समेत नियमित अनुगमन गरिनेछ । यसको लागी तपसिल वमोजिमको कार्यपालिका स्तरीय अनुगमन समिति हुनेछ ।

संयोजक: महाशिला विकास स्वयंसेवक कार्यक्रम व्यवस्थापन समितिको संयोजक
सदस्य : वडाध्यक्षहरु वा कार्यपालिका सदस्य मध्येबाट जना २
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव : सम्बन्धित शाखा प्रमुख

(२) अनुगमन दुइ महिनाको एक पटक गरिनेछ ।

## परिच्छेद – ११
## विविध

**३२. स्वयंसेवक**: महाशिला विकास स्वयंसेवकमा छनोट व्यक्तिका अतिरिक्त स्थानीय जनप्रतिनिधी तथा महाशिलामा कार्यरत कर्मचारीहरु समेत तोकिएको दिनका लागि स्वयंसेवक भइ कार्य गर्नु पर्नेछ । सो कार्य वापत तोकिएको निर्वाहा खाना खर्च उपलब्ध गराइने छ ।

**३३. स्वयंसेवकको आचार संहिता**:

(१) स्वयंसेवकले देहाय बमोजिमका आचार संहिताको पालना गर्नुपर्नेछ :–

(क) स्वयंसेवकले कार्यजिम्मेवारी पत्र बुझेको मितिले ३ दिन भित्र तोकेको क्षेत्रमा कार्य गर्नुपर्नेछ ।

(ख) स्वयंसेवकले राजनैतिक क्रियाकलापमा संलग्न हुनु हदैन र कार्य सम्पादन गर्दा आफनो राजनैतिक आस्थाको प्रभाव पर्न दिनु हुँदैन,

(ग) स्वयंसेवकले आफूलाई सुम्पिएको जिम्मेवारी स्वयंसेवाको भावना, विश्वव्यापी मान्यता अनुरुप इमान्दारितापूर्वक पुरा गर्नुपर्नेछ,

(घ) स्वयंसेवकका लागि तोकिएको निर्वाह् भत्ता र स्वयंसेवक कार्यरत निकायबाट कुनै सुविधा उपलब्ध गराउने निर्णय भएको भए सो अवस्थामा बाहेक स्वयंसेवकेल कुनै संघ वा व्यक्तिबाट कुनै सविधा लिन पाइने छैन,

(ङ) स्वयंसेवकले अनुशासित भइ शिष्ट र विधिसम्मत व्यवहार गर्दै आफूलाइ आदर्शवान र नमूना पात्रका रुपमा प्रस्तुत गर्नु पर्नेछ,

(च) स्वयंसेवकले सामाजिक सदभाव र शान्ति व्यवस्था तथा वातावरणीय अनुकलतामा खलल पुर्‍याउने कार्य गर्नु हुँदैन,

(छ) स्वयंसेवकले जनताको वृहत्तर हितमा आघात पुग्ने कुनै पनि कार्य गर्न पाइनेछैन,

(ज) गाउँपालिकाले दिएका निर्देशन पालना गर्नु पर्नेछ,

(झ) स्वयंसेवक गाउँपालिका प्रति उत्तरदायी हुनुपर्नेछ,

(२) कुनै स्वयंसेवकले उपदफा (१) बमोजिमको आचार संहिताको पालना नगरेमा गाउँपालिकाले त्यस्ता स्वयंसेवकलाइ अवकाश दिनेछ । तर सुनुवाईको मौका नदिई कुनै स्वयंसेवकलाइ अवकाश दिइने छैन ।

३४. **स्वयंसेवकहरुको अवकाश:** गाउँपालिकाले स्वयंसेवकहरुलाई देहाय बमोजिमको अवस्थामा अवकाश दिन सक्नेछ:-

(क) स्वयंसेवकको तोकिएको कार्य अवधि पुरा भएमा,

(ख) खटाएको कार्यस्थलमा समयमा र नियमित रुपमा हाजिर नभएमा,

(ग) सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,

(घ) खराब आचरण प्रदर्शन गरेमा,

(ङ) स्वयंसेवकले कुनै राजनैतिक दलमा पेशेवर भएमा,

(च) आफूले रोजेको रु ६० हजारभन्दा बढी आम्दानी हुने व्यवसाय घरमा नगरेमा ।

३५. **स्वयंसेवकको अनुगमन :** परिचालन गरिएका स्वयंसेवकले गरेको कार्यहरुको अनुगमन स्वयंसेवक छनौट, परिचालन तथा व्यवस्थापन समिति, गाउँपालिका वा गाउँपालिकाले तोकेको निकायबाट गरिनेछ ।

३६. **स्वयंसेवकले प्रतिवेदन बुझाउनुपर्ने:** स्वयंसेवकले अनुसूची ५ मा तोकिएका ढाँचामा प्रगति विवरण भरी गाउँपालिकाको कार्यालयमा मासिकरुपमा प्रतिवेदन बुझाउनु पर्नेछ ।

अनुसची – १

(दफा ६ सँग सम्बन्धित)

उम्मेदवारको योग्यता मूल्याङ्कनको आधार

| **सि.नं.** | **मूल्याङ्कनको आधार** | | **अंकभार** | **कै** |
|---|---|---|---|---|
| १ | शैक्षिकयोग्यता | एस इ इ वा सो भन्दा माथि | ५ | |
| | | कक्षा ८ उत्तिर्ण | ४ | |
| | | कक्षा ५ उत्तिर्ण | ३ | |
| | | सामान्य लेखपढ गर्न जान्ने | २ | |
| २ | स्वयंसेवकसम्बन्धी अनुभव | ६महिना देखी १ वर्ष सम्म | ३ | |
| | | १ वर्ष देखी २ वर्ष सम्म | ४ | |
| | | २ वर्ष भनदा माथी | ५ | |
| ३ | सम्बन्धित वडाको स्थानीय बासिन्दा | | ५ | |
| ४ | स्वयंसेवी भावना | | ५ | |
| ५ | समुदाय सँग घुलमिल हुन सक्ने क्षमता | | ५ | |
| ६ | महिला, दलित, आदिवासी, जनजाती, अपाङ्गताको हकमा | | ५ | |
| | **कूल** | | **३०** | |

अनुसची – २
(दफा ६ सँग सम्बन्धित)
सम्झौताको ढाँचा

महाशिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बालाकोट र स्वयंसेवकका बीच गरिएका आपसी सम्झौता ।

लिखितम हामी तपशीलका पक्षहरु आगे महाशिला गाउँकार्यपालिका, बालाकोट (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र पर्वत जिल्ला महाशिला गाउँपालिका, वडा नं........... बस्ने वर्ष............को श्री ........................................ (जसलाइ यसपछि दोश्रो पक्ष भनिनेछ) का बीच मिति ...................... मा सम्झौता भई एक एक प्रति बुझीलियौं दियौं ।

**१. दोस्रो पक्षले गर्नु पर्ने मूख्य–मूख्य कार्यको विवरण:**

(क) आफूलाइ खटाइएको क्षेत्रमा गई तोकिएको कामकाज गर्ने,

२. बुँदा नं. १. मा उल्लेखित सेवा उपलब्ध गराए वापत प्रथम पक्षले दोश्रो पक्षलाइ उपलब्ध गराउने सेवा सुविधाहरु देहाय वमोजिम हुनेछन :

(क) प्रथम पक्षले दोश्रो पक्षलाइ मासिक रुपमा निर्वाह भत्ता वापत रु ................... (अक्षरेपि ..... ... ... ... ......................मात्र) पारिश्रमिक उपलब्ध गराउने छ ।

(ख) दोश्रो पक्षले तोकिएको कार्य समयानुसार ता]किएको निकायमा हाजिर भइ प्रथम पक्षले उपलब्ध गराएका हाजिरी खातामा हाजिरी गरी काम गर्नु पर्नेछ । उक्त हाजिरी प्रमाणित भएपछि मात्र पारिश्रमिक भुक्तानी हुनेछ ।

(ग) दोश्रो पक्षले माथि उल्लेखित पारिश्रमिक बाहेक कुनै पनि किसिमको सुविधा पाउने छैन ।

३. दोश्रो पक्षले आफनो जिम्मामा रहन आउने प्रथम पक्षको चल, अचल सम्पति हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न भए पश्चात प्रथम पक्षलाइ बुझाउनु पर्नेछ ।

४. दोश्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षबाट पन्ध (१५) दिनको सूचना दिई यो करारसम्झौता भंग गर्न सक्नेछ । महाशिला विकास स्वयंसेवक कार्यक्रम व्यवस्थापन समितिको सिफारिस वा कार्यपालिकाको निर्णयको आधारमा सम्झौता हुनेछ ।

५.यो सम्झौता मिति ................देखि..................सम्म कायम रहनेछ । कायम रहने मिति भन्दा पछि यस सम्झौताका कारण प्रथम पक्ष माथि दोस्रो पक्षले कुनै दायित्व सिर्जना गर्न पाउने छैन ।

६.प्रथम पक्षलाइ हानी हुने काम गरेमा वा सम्झौता बमोजिमको कार्य नगरेमा जुनसुकै बेला करार भंग गर्न सकिने छ । हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानून बमोजिम असूल उपर गर्ने यो सम्झौताले बाधा पुर्‍याउने छैन।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| दस्तखत : | ठेगाना : |
| पद : कार्यालय प्रमुख | दस्तखत : |
| रोहवर | रोहवर |
| नाम : | नाम : |
| दस्तखत : | ठेगाना : |

पद :                                                    दस्तखत :

कार्यालयको छाप

इति सम्बत २०...... साल ............ महिना ........ गते रोज ....... शुभम्............।

अनुसूची - ३

(दफा ६ सँग सम्बन्धित)

**स्वयंसेवकलाई दिइने कार्य जिम्मेवारी पत्रको ढाँचा**

मिति : ..................

श्री....................................

.......................................।

विषय :- कार्य तोकिएको सम्बन्धमा ।

तपाईलाई "महाशिला विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५" को दफा ६ को खण्ड (ट) तथा सोही कार्यविधिको अनुसूची -२ को सम्झौता बमोजिम मिति ............... देखि .................. सम्म यस गाउँपालिकाको कार्यालय / .... नं. वडा कार्यालयमा स्वयंसेवक भई कार्य गर्ने गरी तोकिएको छ ।

तोकिएका कार्यक्षेत्रमा गई सुम्पिएका जिम्मेवारी लगनशिलता एवं ईमान्दारीतापूर्वक गर्नुहुनेछ भन्ने अपेक्षा राखिएको छ ।

(.................)

कार्यालय प्रमुख

अनुसूची - ४

(दफा १३ सँग सम्बन्धित)

स्वयंसेवकका कार्यशर्तहरु

१. सार्वजनिक निर्माण तर्फका स्वयंसेवकको कार्यशर्त:

(क) स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ, सार्वजनिक निर्माणको कार्य सबै स्वयंसेवकहरुले कम्तीमा महिनामा ७ दिन अनिवार्यरुपमा गर्नुपर्नेछ । स्थानीय जनप्रतिनिधीहरुले कम्तीमा ३ दिन र महाशिलामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले न्यूनतम् पनि १ दिन स्वयंसेवकको रुपमा कार्य गर्नु पर्नेछ । गाउँकार्यपालिकाले तोके वमोजिमको न्यूनतम् पारिश्रमिक सबैले पाउँने छन ।

(ख) गाउँपालिकाले तोकेको सार्वजनिक निर्माण, भौतिक संरचना सम्बन्धी गुणस्तरीय ढङ्गबाट कार्य सम्पादन गरी जन - जीवनमा सहजीकरण गर्ने कार्यमा संलग्न हुनुपर्ने छ,

(ग) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,

(घ) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(च) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(छ) महाशिला विकास स्वयंसेवक सेवा अन्तर्गत कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,

(ज) यसमा तोकिएको बाहेक गाउँपालिकाले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

२ जनस्वास्थ्य तर्फका स्वयंसेवकको कार्यशर्त:

(प) स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,

(फ) गाउँपालिकाले तोकेको स्वास्थ्य सम्बन्धी निकाय / सेवा केन्द्रमा रही गुणस्तरीय ढङ्गबाट कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,

(ब) स्थानीय स्तरमा स्वास्थ्य / सरसफाई, स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य सेवा, गाउँघर क्लिनिक, महामारीको प्रतिरोध लगायत संचालित स्वास्थ्य सम्बन्धी अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(भ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,

(म) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(य) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(र) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ल) महाशिला विकास स्वयंसेवक सेवा अन्तर्गत कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,

(व) यसमा तोकिएको बाहेक गाउँपालिकाले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

१. कृषि तथा पशु सेवा तर्फका स्वयंसेवकको कार्यशर्त:

(क) स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,

(ख) गाउँपालिकाले तोकेको कृषि बाली/पशु स्वास्थ्य सम्बन्धी निकाय / सेवा केन्द्रमा रही गुणस्तरीय ढङ्गबाट कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,

(ग) स्थानीय स्तरमा कृषि वाली शिविर, कृषि वालीको सरुवा रोग, पशु स्वास्थ्य शिविर, घुम्ती पशु स्वास्थ्य सेवा, पशु महामारीको प्रतिरोध लगायत संचालित पशु स्वास्थ्य सम्बन्धी अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(घ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा पशु स्वास्थ्य/सरसफाई, वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(च) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(छ) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ज) महाशिला विकास स्वयंसेवक सेवा अन्तर्गत कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,

(झ) यसमा तोकिएको बाहेक गाउँपालिकाले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

अनुसूची - ५
(दफा ३६ सँग सम्बन्धित)
स्वयंसेवकले गाउँपालिकामा बुझाउनुपर्ने प्रगति प्रतिवेदनको ढाँचा
मासिक प्रगति प्रतिवेदनः मिति ............ देखि ................)

| **क्र.सं.** | **तोकिएको कार्य** | **गरेको कार्य** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |